फोन नं.: ०८२-५२०२३३ दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्रसङ्ख्या :-

चलानी नं. :-

### शिलबन्दी दरभाउपत्र तथा E- bidding को माध्यमवाट तरकारीको बीउ खरिद सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मितिः २०८१।०८।२१)

सुचना नं TSMC/SQ/AG/4/G/081/082

यस तुलसीपुर उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालय अन्तर्गत कृषि विकास शाखाले आ.व.२०८१/०८२ को तुलसीपुर उपमहानगरपालिका र जि टु जिको साझेदारीमा संचालित कृषि विकास कार्यक्रम तर्फको **हाइब्रिड तरकारीको मिनिकिट प्रदर्शन कार्यक्रममा** कृषकहरुलाई तरकारीको विउ निशुल्क वितरण कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यहरु शिलवन्दी दरभाउपत्र तथा E- bidding को माध्यमवाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारवाट ईजाजत प्राप्त इच्छुक बीउ उत्पादक सहकारी सस्था लि./फर्म/उत्पादक कम्पनी वा सप्लायर्सहरुवाट निम्न शर्तहरुको अधिनमा रही प्रथम पटक रित पुर्वकको शिलवन्दि दरभाउपत्र आव्हान गरिएको छ।

तपसिल :

१. राष्ट्रिय वा स्थानीय दैनिक पत्रिकामा वा यस कार्यालयको वेबसाइट www.tulsipurmun.gov.np मा प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०८१/ ०९ /०५ गतेसम्म कार्यालय समयभित्र रु १०००।- (अक्षेरुपी एक हजार रुपैयाँ) फिर्ता नहुने गरी यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको सक्कलै नगदी रसिद वा तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, तुलसीपुर दाङको इन्भेष्टमन्ट मेगा बैंक लिमिटेड तुलसीपुर शाखामा रहेको ग.१.१. स्थानीय तह आन्तरिक राजश्व खाता नं ०३१०१४००२५००९२ मा जम्मा गरेको भौचर निवेदन साथ संलग्न राखी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा (जिन्सी शाखा) बाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

२. खामको वाहिरी भागमा यस कार्यालयलाई सम्वोधन गरी कामको विवरण खुलाई , फर्मको छाप लगाई , शिलवन्दी छाप गरी यस कार्यालयमा मात्र दर्ता गराउनु पर्ने छ । आ.व.२०८१/०८२को व्यवसाय नविकरण भएको इजाजत, आयकर दर्ता प्रमाण पत्र , कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि सहित १६ औं दिन अर्थात मिति २०८१/०९/०७ गते दिनको १२:०० बजे भित्र तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गर्न सकिनेछ।

३. यसरी दर्ता हुनआएका प्रस्तावहरु १६ औं दिन अर्थात मिति २०८१/०९ /०७ गते दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र प्रस्ताव दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा प्रस्ताव खोलिने छ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा हुने छैन।

४. प्रस्ताव दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोही दिनको भोलि पल्ट कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

५. प्रस्ताव साथ तल उल्लेखित रकम नेपाल इन्भेष्टमेन्ट मेघा बैंक लि.मा रहेको तुलसीपुर उपमहानगरपालिका कार्यालय दांगको धरौटी खाता नं.ग-३-०३१०१४००२५००३० मा जम्मा गरेको सक्कल भौचर वा प्रस्ताव दाखिला गर्ने अन्तिम मितिवाट ७५ दिन म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त क बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कलै बैंक जमानत पेश गर्नुपर्ने छ ।

६. प्रस्तावमा आफुले कबोल गरेको मू.अ.क.वाहेकको दर रेट उल्लेख गर्नु पर्ने छ ।प्रस्ताव पेश गर्दा स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।म्याद नाघी आएको र रित नपुगेका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । न्यून अंक कबोल गर्ने प्रस्ताव मात्र स्वीकार गरिने छ ।

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७२

७. नेपाल सरकार वा नेपाल सरकारवाट मान्यता प्राप्त वीउ प्रयोगशालावाट वीउको गुणस्तर मापन गरेको ट्याग लगाएको वा प्रमाणित उन्नत वीउ उपचार गरेको प्रमाण सहितको कागजात पेश गर्नु पर्नेछ ।

८. कार्यालयको हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. सुचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली २०६४ र प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. थप जानकारीका लागी यस कार्यालयको आन्तरिक व्यवस्थापन तथा खरिद इकाई शाखा (जिन्सी शाखा) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ, साथै यो सुचना PPMO website:www.bolpatra.gov.np/epg तथा तुलसीपुर उपमहानगरपालिकाको वेभसाइट www.tulsipurmun.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

११. कामको विवरण निम्नानुसारको छ ।

| क.स | कामको विवरण | स्पेशिफिकेशन | | इकाई | परिमाण | रकम रु. मु.अ.क.बाहेक | जमानत बापतको रकम रु. | दरभाउपत्र खरिद दस्तुर रु | माध्यम |
|---|---|---|---|---|---|---|---|---|---|
| | हाइब्रिड तरकारीको मिनिकिट विउ | करेला | पाली | १० ग्राम प्रति पाकेट | १५४४ | १४,९९,२२४।- | ३८०००।- | १०००।- | शिलबन्दी दरभाउपत्र तथा E-bidding |
| | | काँक्रा | डाइनेष्टिक | १० ग्राम प्रति पाकेट | | | | | |
| | | घिरौला | अनुस्का | १० ग्राम प्रति पाकेट | | | | | |
| | | लौका | अनमोल | १० ग्राम प्रति पाकेट | | | | | |
| | | वोडी | तनेवोडी | १० ग्राम प्रति पाकेट | | | | | |
| | | भिण्डि | अर्काअर्नामिका | १० ग्राम प्रति पाकेट | | | | | |

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत